आज मिति २०८० माघ २१ गते विहान ११ बजे भेरीगंगा नगर कार्यपालिकाको ४३ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षताभा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री इन्द्रलाल गिरी, का वा वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शंकरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

**श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौं**
श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं, प्रशासन शाखा
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री कृष्ण बहादुर शाही, कार्यालय सहयोगी

निर्णय प्रमाणित

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा । |
| २. | कानून तथा कार्यविधि निर्माण तथा संशोधन सम्वन्धमा । |
| ३. | संघीय समपुरक र विशेष अनुदानका योजना सिफारिस सम्वन्धमा । |
| ४. | लक्षित बर्ग बजेट बाँडफाँड सम्वन्धमा । |
| ५. | सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा । |
| ६. | करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्वन्धमा । |
| ७. | रामघाट औद्योगिक ग्राम सम्वन्धमा । |
| ८. | विविध सम्वन्धमा । |

**मिति २०८०।१०।२१ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :**

प्रस्ताव नं. १ : योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको आ व २०८०।०८१ का लगि नगरसभाबाट स्वीकृत भएका तपसिल अनुसारका योजना तथा कार्यक्रमहरुमा, नगरपालिका कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयवाट सिफारिस भै आएका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु तपसिल अनुसार संशोधन गर्ने र स्वीकृतिका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

तपशिल

वडा कार्यालयतर्फ संशोधन गर्नुपर्ने योजनाहरु आ. व. २०८०।०८१

| क्र.सं. | वडा नं. | साविकमा भएको योजनाको नाम | रकम रु | संशोधन पछि हुने योजनाको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | सालघारी घुमाउने वाग्ले सडक निर्माण | ५००००० | सालघारी देखि घुमाउने सम्म बाटो सफाइ तथा सडक निर्माण | १०००००० | रकम थप |
| २ | १ | तल्लो सालघारी सिंचाई कुलो निर्माण | २००००० | | | |
| ३ | १ | जुकेपानी सिरानी खानेपानी निर्माण | १००००० | | | |
| ४ | १ | माथिल्लो भर्याङ खानेपानी मर्मत | २००००० | | | |
| ५ | १ | सिमवासदेखि धनुवास सडक निर्माण | ५००००० | सिमबासदेखि धनुबास सम्म बाटो सफाइ तथा सडक निर्माण | ८००००० | रकम थप |
| ६ | १ | जुम्ली टोलमा मन्दिर निर्माण | ५०००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | १ | देउति बज्यै मन्दिर ब्यबस्थापन मनिरामकाँडा | ५०००० | | | | |
| ८ | १ | बाटो सफाइ कालपानी देखि सिमबाससम्म | २००००० | | | | |
| ९ | २ | बर्खे गोठेरी टंकी मर्मत पाईप खरिद | १००००० | बर्खे गोठेरी कृषि सडक निर्माण | १००००० | | |
| १० | २ | जनज्योति माध्यमिक विद्यालय कालपानी फर्निचर खरिद | १००००० | जनज्योति माध्यमिक विद्यालय सरस्वती मन्दिर निर्माण | १००००० | | |
| ११ | २ | बेथानी चर्च घेरावार कालपानी | ५०००० | बेथानी चर्च सामग्री खरिद | ५०००० | | |
| १२ | ४ | सुठाबारी सिंचाइ पाइप खरिद | १००००० | सुठाबारी सिंचाइ टंकी निर्माण | १००००० | | |
| १३ | ४ | महाविर खत्रीको घरदेखि सुके देवकोटाको घरसम्म सडक निर्माण | १००००० | वडा कार्यालय देखि मुरलिखोला पुल जोड्ने सिंचाई कुलोको सल्याब निर्माण | १००००० | | |
| १४ | ४ | सिस्नेकुटि सडक निर्माण | १००००० | वडा कार्यालय देखि केवल कामीको घरसम्म नाली निर्माण | २००००० | | |
| १५ | ४ | निम्न आय भएका दलितहरुलाई आय आर्जनका कार्यक्रम | १००००० | | | | |
| १६ | ४ | नेराआवि अमिलाचौर फर्निचर तथा मर्मत | १००००० | नेराआवि अमिलाचौर शैक्षिक गुणस्तर सुधार तथा शिक्षण सिकाई अनुदान | १००००० | | |
| १७ | ४ | टुनिखोला नाली निर्माण र अमिलाचौर विद्यालयदेखि डम्मर वलीको घरसम्म सडक ग्रावेल | २००००० | अमिलाचौर विद्यालय देखि डम्मर वलीको घरसम्म सडक कटिङ, फिलिङ र ग्रावेल | २००००० | | |
| १८ | ५ | गेरुवानी लिफ्ट सिंचाई मोटर खरिद म्याचिंग | २००००० | चिसापानी खोला र भोटिनारा खोलाको सफाई | २००००० | | |
| १९ | ५ | मंसिरे र निमारे खोलामा कुवा निर्माण | १००००० | मंसिरे र निमारे खोलामा टंकि निर्माण | १००००० | | |
| २० | ६ | खड्का टोल अधुरो मन्दीर मर्मत योजना | २५००० | सिम्ताली टोल बरपिपल चौतारा निर्माण आयोजना | ७५००० | | |
| २१ | ६ | विद्युत लाईन मर्मत तथा सम्भार योजना | ५०००० | | | | |
| २२ | ७ | वडा कार्यालय जग्गा खरिद | ८००००० | भेरीगंगा वडा नं ७ कार्यालय भवन निर्माण | ८००००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | ७ | काभ्रे खानेपानी टंकि निर्माण | ६०००० | काभ्रे खानेपानी पाईप खरिद | ६०००० | |
| २४ | ७ | कार्कीगाउँ कुवा निर्माण | १७५००० | कार्कीगाउँ डिपवोरिङ विस्तार | १७५००० | |
| २५ | ७ | मुलपानी विद्यालय कुवा निर्माण | १०५००० | मुलपानी विद्यालय फर्निचर मर्मत तथा निर्माण | १०५००० | |
| २६ | ८ | दर्पन टोलमा कुलो निर्माण | ३००००० | डिल बहादुर खत्रीको जग्गादेखि कसेरी जाने सिंचाई नाला निर्माण | ४५०००० | |
| २७ | ८ | ज्यामिर खोलामा कल्बर्ट निर्माण | १५०००० | | | |
| २८ | ८ | मनोसामाजिक परामर्स कार्यक्रम | ५०००० | कोटमाझखर्क जग्गा ब्यबस्थापन | १५०००० | |
| २९ | ८ | जेष्ट नागरिक सम्मान कार्यक्रम | १००००० | | | |
| ३० | ८ | दोकानेको घरदेखि निमबहादुर रोकाको घरसम्म सडक निर्माण | १००००० | पाईप खरिद | १००००० | |
| ३१ | १० | सिद्धवावा मन्दीर निर्माण थानिचौर | १००००० | सिद्धवावा मन्दीर ट्रस निर्माण | १००००० | |
| ३२ | १० | आपधारा लिफ्ट खानेपानी म्याचिङ् | २००००० | आँपधारा खानेपानी पाईप लाईन विस्तार | २००००० | |
| ३३ | १० | शान्तीनगर नाला विस्तार तथा एकता टोल नाला विस्तार | २००००० | एकता टोल नाला विस्तार | २००००० | |
| ३४ | १० | शान्ती बादीको घरनेर सल्याब निर्माण | ५०००० | पाईप खरिद | ५०००० | |
| ३५ | १० | थ्रि फेज लाईन बिस्तार म्याचिङ् | १४००००० | थानिचौर विद्यालय नजिक र झिलमिले हरियाली दमार, दुर्गा टोल बिचमा डिपबोरिङ् र मोटर जडान | १४००००० | |
| ३६ | १० | पार्वति घर्ती र टेक बहादुर वलीको घरनिर सडक ग्राबेल | १००००० | हरी पुनको घरदेखि सिता नकालको खेत सम्म नयाँट्र्याकनिर्माण | १००००० | |
| ३७ | ११ | बायोसेन्ट फिल्टर वितरण | २००००० | भूमी ब्यबस्थापन सम्वन्धि कार्य संचालन खर्च | ५३०००० | |
| ३८ | ११ | सुधारिएको चुलो निर्माण | १००००० | | | |
| ३९ | ११ | जेष्ट नागरिक सम्मान कार्यक्रम | १००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | ११ | सुन्दर टोलदेखि नुवाकोटे टोलमा दुईवटा मोटर पाईप खरिद | १००००० | | | |
| ४१ | ११ | साना किसान सहकारी लाई कार्पेट र दराज खरिद | ३०००० | | | |
| ४२ | ११ | दर्माली टोलदेखि भेरी जाने नयाँ ट्रयाक | १००००० | दर्माली टोलमा ४० एमएमको पाइप खरिद | १००००० | |
| ४३ | ११ | भैरव वाँठा मन्दीर प्रतिक्षालय निर्माण | ५०००० | भैरव मन्दीरमा साधा जस्ता पाता खरिद | ५०००० | |
| ४४ | ११ | सामुदायिक कृषि प्रसार सेवा केन्द्र कार्यालयको भवन निर्माण | १५०००० | रातारौचमा सार्वजनिक शौचालयको खाल्डो निर्माण | १३०००० | |
| | | | | माथिल्लो साँधिखोला प्रतिक्षालय निर्माण | २०००० | |
| ४५ | ११ | कृष्णबहादुर वलीको घरदेखि भैरव माईलाको घरसम्म नयाँ ट्रयाक ग्रावेल | १००००० | खड्कबहादुर वलीको घरको तल खोलादेखि बखतबहादुर बुढाको घरसम्म नयाँ ट्रयाक ग्राबेल | १००००० | |
| ४६ | १२ | वडा नं १२ को टेन्डर प्रक्रियाबाट बचत भएको रकम | १०५२००० | वालबालिका भवन हुदै जाने बाटोमा पक्की नाली र ग्राबेल | १०५२००० | |
| ४७ | १३ | करेली खोला न्याउलीचौर बृहत सिंचाई ड्याम डिपिआर | ३००००० | करेली खोला न्याउलीचौर बृहत सिंचाई ड्याम निर्माण | ३००००० | |

**नगरपालिका कार्यालयको चालु तर्फ नपुग हुने थप गर्ने खर्च शिर्षकहरु आ.ब. २०८०।८१**

| सि.नं. | बजेट नपुग हुने बजेट शिर्षक | खर्च शिर्षक नं. | श्रोत | नपुग बजेट थप | बेहोर्ने खर्च शिर्षक | श्रोत | खर्च शिर्षक नं. | घट (संशोधित रकम) | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक पदाधिकारी | २११११ | आन्तरिक | १२००००० | पारिश्रमिक कर्मचारी | राजश्व बांडफांड | २११११ | ४९००००० | |
| २ | फिल्ड भत्ता | २११३३ | आन्तरिक | ५००००० | महंगी भत्ता | राजश्व बांडफांड | २११३२ | १५१३००० | |
| ३ | पानी तथा बिजुली | २२१११ | राजश्व बांडफांड | ५००००० | अन्य भ्रमण खर्च | राजश्व बांडफांड | २२६१९ | १००००० | |
| ४ | इन्धन कार्यालय प्रयोजन | २२२१२ | राजश्व बांडफांड | १०००००० | करार सेवा शुल्क | राजश्व बांडफांड | २२४१३ | २७००००० | |
| ५ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजश्व बांडफांड | ८००००० | | | | | |
| ६ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | राजश्व बांडफांड | २०००००० | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | २२३१५ | राजश्व बांडफांड | ६००००० | | | | | |
| ८ | विविद्य खर्च ( खाजा र नास्ता) | २२७११ | राजश्व बांडफांड | १०००००० | | | | | |
| ९ | फर्निचर तथा फिक्चर्स | ३११२३ | राजश्व बांडफांड | १०००००० | | | | | |
| १० | अन्य भत्ता | २११३९ | आन्तरिक | १००००० | | | | | |
| ११ | सरसफाइ सेवा शुल्क | २२४१४ | आन्तरिक | ३००००० | | | | | |
| १२ | राजश्व शिविर संचालन | | | १००००० | | | | | |
| १३ | क्यान्सर रोग शिबिर संचालन | | | ११३००० | | | | | |
| | जंम्मा रु. | | | ९२१३००० | | | | ९२१३००० | |

विषयगत शाखातर्फ संशोधन गरिएका कार्यक्रम तथा योजनाहरु आ व २०८०।०८१

शिक्षा युवा तथा खेलकुद शाखातर्फ

| क.स. | कार्यक्रम/क्रियाकलाप | रकमान्तरपूर्व विनियोजित भएको रकम रु | थपघट भए पछि कायम हुने वार्षिक बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम अन्तर्गत कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यपुस्तक लेखनसम्वन्धि तयारी, कार्यशाला, बैठक, छपाई एबं प्रकाशन | ६००००० | ९००००० | प्रावि स्वयमसेवक तलबवाट १५०००० र निमावि स्वयमसेवकवाट १५०००० कटाएको |
| २ | स्वयमसेवक शिक्षक पारीश्रमिक-प्राथमिक तह | ६४०९००० | ६२५९००० | प्रावि स्वयमसेवक तलबवाट १५०००० र निमावि स्वयमसेवकवाट १५०००० कटाएको |
| ३ | स्वयमसेवक शिक्षक पारीश्रमिक-निम्नमाध्यमिक तह | ४९४०००० | ४७९०००० | निमावि स्वयमसेवकवाट १५०००० कटाएको |
| ४ | प्रधानाध्यापक नियमित बैठक एबं आवश्यकताअनुसार सका कर्मचारी एबं विषयगत शिक्षक बैठक | २००००० | ३००००० | शैक्षिक सुशासन प्रवर्धनका लागि कार्य सम्पादनमा आधारित नतिजाका एबं संयुक्त अनुगमनका शिर्षकवाट १००००० कटाएको |
| ५ | शैक्षिक सुशासन प्रवर्धनका लागि कार्यसम्पादनमा आधारित नतिजाका एंव संयुक्त अनुगमन | ३५०००० | २५०००० | १००००० घटाएको |
| ६ | मावि प्रअ र नगर शिक्षा समिति पदाधिकारिहरुको शैक्षिक भ्रमण | ४२५००० | ३२५००० | १००००० घटाएको |

| | | | | |
|---|---|---|---|---|
| ७ | शिक्षा योजना अद्यावधिक | ५०००० | १५०००० | मावि प्रअ र नगर शिक्षा समिति पदाधिकारिहरुको शैक्षिक भ्रमणवाट १००००० कटाएको। |

आयुर्बेद सेवा कार्यक्रमतर्फ

| क.सं. | साविक कार्यक्रम (क्रियाकलाप) को नाम र रकम रु | संशोधन गरिएको कार्यक्रम (क्रियाकलाप) रकम रु | संशोधन गर्नुको मुख्य कारण | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम रु ८५,०००। मध्येवाट | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम रु ५०,०००। | संघीय शशर्त तर्फ उक्त कार्यक्रममा बजेट न्यून भई नियमित सेवा प्रवाह र गत वर्षको निरन्तरतामा समेत समस्या भएकोले | |

साथै मोटरसाइकल खरिद र नगर प्रहरी गठन बारे अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :** कानून तथा कार्यविधि निर्माण तथा संशोधन सम्वन्धमा ।

**निर्णय नं. २ :** यस भेरीगंगा नगरकार्यपालिका बैठकमा यसअघि पेश भएका तपशिल बमोजिमका विनियम तथा निर्देशिकाहरुउपर ब्यापक रुपमा छलफल गरि सर्वसम्मतिले स्वीकृत गरियो र पारित कार्यबिधिहरु स्थानिय राजपत्रमा प्रकाशित गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो साथै बिधेयक सिमितबाट पारित भएका तपिसल अनुसारका बिधेयक तथा कार्यबिधिहरु दफावार छलफलका लागि कार्यपालिका बैठकमा पेश गरियो।

तपशिल

स्वीकृत भएका कार्यबिधिहरु

१. सार्वजनिक शौचालय निर्माण, सञ्चालन र व्यवस्थापन निर्देशिका, २०८०
२. भेरीगंगा नगरपालिकाका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुका लागि खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन सम्बन्धी निर्देशिका २०८०
३. दिसाजन्य लेदो व्यवस्थापन विनियम २०८०
४. भेरीगंगा नगरपालिकाको खानेपानी, सरसफाई तथा वातावरण शाखा सञ्चालन तथा अनुगमन निर्देशिका २०८०

दफावार छलफलका लागि कार्यपालिका बैठकमा पेश भएका बिधेयक तथा कार्यबिधिहरु

१. भेरीगंगा नगरपालिका नगर योजना आयोग (गठन तथा सन्चालन) बिधेयक, २०८०
२. भेरीगंगा नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०
३. घरबहाल कर व्यवस्थापन कार्यबिधि २०८०
४. ब्यबसाय कर सम्बन्धि कार्यबिधि २०८०
५. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धि भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति सम्बन्धि कार्यविधि, २०८०
६. करारमा कर्मचारी ब्यबस्थापन सम्वन्धि कार्यविधि २०७५, पहिलो संशोधन २०८०

७. आर्थीक सहायता सम्बन्धि कार्यबिधि २०७९, पहिलो संसोधन २०८०
८. जटिल रोग र प्यारालाइसिसबाट पूर्णअशक्त भएका बिरामीहरुलाई उपचार खर्च सम्वन्धि कार्यबिधि २०७९, पहिलो संसोधन २०८०
९. भेरीगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्वन्धि तयार गरिएको मापदण्ड तथा आधारहरु २०७९, पहिलो संसोधन २०८०
१०. स्थानीय पूर्वाधार विकास आयोजना सन्चालन कार्यविधि २०७९, पहिलो संसोधन २०८०
११. रोजगार सम्बाद मन्च सन्चालन कार्यबिधि २०८०

**प्रस्ताव नं. ३ :** संघीय समपुरक र विशेष अनुदानका योजना सिफारिस सम्वन्धमा ।

**निर्णय नं. ३ :** राष्ट्रीय योजना आयोगमा आ व २०८१।०८२ का लागि तपिसल अनुसार संघीय समपुरक र विशेष अनुदानका योजनाहरु सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

संघीय समपूरक अनुदानतर्फका योजनाहरु

१ हर्रे–मनिरामकाँडा सडक निर्माण भेरीगंगा नगरपालिका वडा नं १,२,३,४, रु ५ करोड
२ छिन्चु बसपार्क निर्माण भेरीगंगा नगरपालिका वडा नं १२, रु २ करोड
३ मैनतडा स्वास्थ्य चौकी भवन निर्माण भेरीगंगा वडा नं ८, रु १ करोड
४ गिद्देडाँडा पर्यटकीय क्षेत्र प्रबर्द्धन भेरीगंगा वडा नं ५, रु १ करोड
५ हिमशिखर बहुमुखि क्याम्पस भवन निर्माण भेरीगंगा वडा नं ११, रु १ करोड

संघीय विषेश अनुदानतर्फका योजनाहरु

१ उपप्रमुख स्वरोजगार कार्यक्रम भेरीगंगा नगरपलिका, रु २ करोड
२ आधुनिक प्रबिधि प्रयोग गरी फोहरमैला प्रशोधन कार्यक्रम भेरीगंगा वडा नं १२, रु १ करोड
३ लेखझिंनी–ठुलाखाल दुर्गम क्षेत्र खानेपानी योजना निर्माण भेरीगंगा वडा नं ६, रु २ करोड
४ साक्षरता तथा शैक्षिक विकास कार्यक्रम भेरीगंगा नगरपालिका, रु ५० लाख
५ विपद् जोखिम न्यूनिकरण तथा पुननिर्माण कार्यक्रम भेरीगंगा नगरपलिका, रु ३ करोड

**प्रस्ताव नं. ४ :** लक्षित बर्ग बजेट बाँडफाँड सम्वन्धमा ।

**निर्णय नं. ४ :** लक्षित बर्गको बजेट बाँडफाँड गर्ने विषयमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ५ :** सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा ।

**निर्णय नं. ५ :** सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही छनौट गर्ने विषयमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ६ :** करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकामा करार तथा ज्यालादारी सेवामा कार्यरत सबै कर्मचारीहरुको समयावधि २०८० पौष मसान्तमा सकिएकोले यस आर्थिक बर्षको कार्यसम्पादनका लागि नियमानुसार २०८१ असार मसान्तसम्म सम्झौता नविकरण गरी कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ७ : रामघाट औद्योगिक ग्राम सम्वन्धमा ।
निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिका वडा नं ११ मा निर्माणाधिन रहेको रामघाट औद्योगिक ग्राममा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना तथा सन्चालन गर्नका लागि बजेट ब्यवस्था गिरदिन कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाइ अनुरोध गर्ने साथै सोका लागि मन्त्रालयमा सम्झौता गर्न जाने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ८ : विविध सम्वन्धमा ।
निर्णय नं. ८ (क): यस भेरीगंगा नगरपालिकामा स्थानीय वन संरक्षण कार्य नियमन गर्न आवश्यक कानून बनाउने प्रक्रिया तत्काल थाल्न र विधेयक तर्जुमा गर्न आवश्यक प्राविधिक सहयोगका लागि USAID जल जंगल परियोजनासँग अनुरोध गर्ने र यस भेरीगंगा नगरपालिकामा स्थानीय वन संरक्षण सम्बन्धि विधेयक तर्जुमा गर्नका लागि यस नगर कार्यपालिकाको विधयेक समितिका संयोजक श्री जयबहादुर नेपालीको संयोजकत्वमा देहायबमोजिमको स्थानीय वन संरक्षण विधेयकको मस्यौदा तर्जुमा समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| १ | संयोजक | श्री जयबहादुर नेपाली |
| २ | सदस्य | श्री पुसे कामी |
| ३ | सदस्य | गौमाय खत्री |
| ४ | सदस्य | सेरबहादुर कामी |
| ५ | सदस्य | नारायण बेल्बासे (विज्ञः USAD जल जंगल) |
| ६ | सदस्य | कृष्णप्रसाद पोखेल |
| ७ | सदस्य | सविता राणा |
| ८ | सदस्य | चित्रा डाँगी |
| ९ | सदस्य सचिव | कृष्णप्रसाद शर्मा |

**निर्णय नं. ८ (ख):** यस भेरीगंगा नगरपालिकाको वडा नं १२ को झिंगेनारामा निर्माणाधिन रहेको फोहोरमैला प्रशोधन केन्द्र सहलगानीमा निर्माणका लागि कर्णाली प्रदेश सरकारवाट ५० लाख र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP परियोजनाबाट रु ७५ लाख बजेट प्राप्त भएकोमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP परियोजनाबाट यस योजनामा रु ४९ लाख ५० हजार मात्र खर्च गरिने भएकोले बाँकी बचत रकम रु २५ लाख ५० हजार यस अघि छनोट गरिएका LISP परियोजना अन्तर्गतका तपिसलका योजनाहरुमा तपसिल अनुसार रकम थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

१ मोहटी मनिरामकाँडा सडक निर्माण भेरीगंगा १, रु ५५००००
२ सिस्नेरी काल्पानी चैते सडक निर्माण भेरीगंगा २, रु ५०००००
३ सानोहर्रे खोरिया ठुलोहर्रे सडक निर्माण भेरीगंगा ४, रु ५०००००
४ कालिदमार लेखहात्तीखाल सडक निर्माण भेरीगंगा ५, रु ५०००००
५ बबइ हात्तीखाल गेरुवानी कुइने सडक निर्माण भेरीगंगा ५, रु ५०००००

**निर्णय नं. ८ (ग):** मैनतडा स्वास्थ्य चौकीमा विगत केही समय ज्यालादारीमा कार्यरत सुरक्षा गार्ड श्री शेर बहादुर पुनको भूक्तानी गर्न बाँकी रहेको १० महिनाको मासिक रु १५००० का दरले रु १५०००० एक लाख पचास हजार पारीश्रमिक वडा कार्यालयबाट विनियोजित रकमवाट नियमानुसार भूक्तानी गर्ने र नीजलाई यस पश्चात उक्त पदको लागि म्याद थप नगर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ८ (घ):** यस नगरपालिकामा नेपाल सरकार, कर्णाली प्रदेश सरकार लगायत बिभिन्न निकायबाट योजना निर्माणका लागि प्राप्त भएका बजेटहरुको सहलगानी गरी योजनाहरु निर्माण गर्ने निर्णय गरियो साथै कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं ६ मा टमटा टोल देखि झिङ्नी हुँदै ७ नं जोड्ने सडक नाली निर्माणका लागि रु १५ लाख बजेट विनियोजन भएको तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम **(LISP-pilot)** बाट पनि सोही नामको आयोजनामा रु २२ लाख छुट्याइएको हुँदा संचालन हुने आयोजना ब्यबस्थित गर्न र दोहोरोपन हुन नदिनका लागि तपशिलका बुँदाहरुमा साझेदारी गरि आयोजना संचालन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

तपशिलः

१ आयोजनाको एउटै लागत अनुमान गरी एउटै आयोजना बनाउने र सहलगानी साझेदारीमा योजना कार्यान्वयन गर्ने ।

२ आयोजनाको नामः टमटा टोल देखि झीङ्नी हुँदै ७ नं जोड्ने सडक नाली निर्माण भेरीगंगा नगरपालिका वडा नं ६ रहने।

३ आयोजनाको कुल बजेटः १५ लाख मुख्यमन्त्री रोजगार कार्यक्रम र २२ लाख स्थानीय पुर्वाधार कार्यक्रमको रु २२ लाख गरि जम्मा ३७ लाखको आयोजना हुने ।

४ मुख्यमन्त्री रोजगार कार्यक्रमको रकमबाट अदक्ष श्रमिकको ज्याला मात्र भुक्तानी गर्ने ।

५ स्थानीय पुर्वाधार सहयोग कार्यक्रमको रकमबाट दक्ष श्रमिकको ज्याला तथा निर्माण सामग्रीको लागि भुक्तानी गर्ने ।

६ माथिका नियमानुसार आयोजना संचालन गर्न तथा लागत अनुमान तयार गरि कार्य सम्पन्न गर्ने साथै नगरपालिकाको रोजगार सेवा केन्द्र, स्थानीय पुर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन इकाई र पुर्वाधार विकास शाखालाइ कार्यान्वयन गर्न निर्देशन दिने ।

**निर्णय नं. ८ (ङ):** भेरीगंगा नगरपालिकामा क्यान्सर रोगका बिरामीहरु धेरै देखिएकोले रोग पहिचान गर्न र उपचारमा सहजिकरण गर्नका लागि क्यान्सर रोगको २ दिने निशुल्क स्वास्थ्य शिबिर सन्चालन गर्ने र सो कार्यमा प्राबिधिक सहयोग र उपचारका लागि बिशेषज्ञ डाक्टर र जनशक्ती सहित स्वास्थ्य शिबिर सन्चालन गरिदिन हुन सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल खजुरा बाँकेमा अनुरोध गर्ने निर्णय सर्बसम्तीले पारित गरियो।

**निर्णय नं. ८ (च):** भेरीगंगा नगरपालिका वडा नं ९ को जहरे देखि गुमी जोड्ने भेरी नदी पुल नजिक बाटोको बिषयमा बिबाद भएकोले भेरीगंगा नगरपालिका भित्रका प्रमुख राजनितिक दलका प्रतिनिधि सहित जनप्रतिनिधहरु उपस्थित भइ अनुगमन गरी बाटोको बिवाद सुल्झाउन पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ (छ):** संघीय सशर्त अनुदान अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान (बायो ग्यास/बिद्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षक अन्तरगतको बजेट रु ८००००० आठ लाखबाट बायो ग्यास जडान गर्न बिनियोजन गर्ने निर्णय सर्बसम्तीले पारित गरियो।

**निर्णय नं. ८ (ज):** कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आ व २०८०।०८१ को बिनियोजित बजेटबाट भेरीगंगा नगरपालिका वडा नं १२ को बसपार्क चोकमा पूर्ब सुचना प्रणाली डिजिटल डिस्प्ले जडान गर्ने भएकोले भेरीगंगा नगर कार्यपालिको तर्फबाट बिद्युत लाइन र इन्टरनेट सेवामा सहकार्य गर्ने निर्णय सर्बसम्तीले पारित गरियो।

**निर्णय नं. ८ (झ):** भेरीगंगा नगरपालिका वडा नं ९ वडा कार्यालयको सिफारिसमा भेरीगंगा नगरपालिका वडा नं ९ को जहरे बजार नजिक छिन्चु जाजरकोट सडक खण्डको सानोजात्रि पिपलचौतारा क्षेत्रको ऐलानी खाली जग्गामा मैनतडा आयुर्बेदिक औषधालयको भवन निर्माण गर्ने निर्णय सर्बसम्तीले पारित गरियो।